आज मिति २०८१ साल फाल्गुन ११ गते आइतवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | रामप्रसाद राई |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | - |
| १४ | सदस्य | श्री शान्ति राई | - |
| १५ | सदस्य | श्री सुजता प्रधान | - |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | इन्जिनियर | श्री विपन सुवेदी | |

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत
२०८१।११।११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर

०८१।११।११
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. राष्ट्रिय योजना आयोगमा गाउँपालिकाको प्रशासनीक भवन निर्माणको लागि समपुरक अनुदानको नपुग रकम माग सम्वन्धमा
२. प्रदेश सरकारलाई समपुरक अनुदान र विशेष अनुदानको लागि योजनाहरु माग सम्वन्धमा
३. आमचोक १० को वडा कार्यालय भवन निर्माणको रनिङ विल भुक्तानी सम्वन्धमा
४. दोश्रो चौमासिक प्रगति समिक्षा गोष्ठी सञ्चालन सम्वन्धमा
५. दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्वन्धमा
६. आर्थिक वर्ष २०८१/८२ को हिउँदे गाउँसभा सञ्चालन सम्वन्धमा
७. उद्यम विकास सहजकर्तालाई करारमा नियुक्ति सम्वन्धमा
८. आमचोक गाउँपालिकाको वातावरणीय परिक्षण प्रतिवेदन (IEE) तयारीको लागि कार्यविवरण (TOR) स्वीकृति सम्वन्धमा
९. स्काभेटर खरीदको मुल्याङ्कन स्वीकृत गरी आसयको सूचना प्रकाशन गर्ने सम्वन्धमा
१०. डाइमण्ड डान्स क्रु,भोजपुरको भोजपुर गड ट्यालेन्टको लागि वजेट माग सम्वन्धमा
११. अक्षर लेखन कला सिकाइ कार्यक्रम सम्वन्धमा
१२. शिक्षा ज्योती आधारभूत विद्यालय आमचोक ७ हर्दिलामा कक्षा थप सम्वन्धमा
१३. आमचोक गाउँपालिकाको वडा नं.३ को वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई आमचोक गाउँपालिकालाई नेपाल सरकार समपुरक अनुदान मार्फत आ.ब २०७८/०७९ मा आमचोक गाउँपालिका प्रशासकीय भवन निर्माणका लागि रु.८०,००,०००।– (अक्षेरूपी असीलाख मात्र) बजेट प्राप्त भएको तर भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्त नभएको हुदा सो बर्षको बजेट खर्च हुन नसकी फिर्ता भएको र यस कार्यालयले जग्गा प्राप्त गरिसकेपछी मिती २०७९/१०/११ गते बोलपत्र आब्हान गरी मिती २०८०/०२/१४ गते महतो /ईम्पेरियल/चेतना जे भि, धनुषासँग २०८२ असार मसान्त भित्र सम्पन्न गर्ने गरी मु.अ.क. सहित रु.८,९४,४७,७६०।४४ (अक्षेरुपी आठ करोड चौरानब्बे लाख सट्चालिस हजार सातसय साठ्ठी रुपैया चवालिस पैसा मात्र) मा सम्झौता भई आ.ब. २०७९/०८० मा प्राप्त बजेट रु.१,४०,००,०००।– (अक्षेरुपी एक करोड चालिस लाख मात्र) र यस आमचोक गाउँपालिकाको बजेटबाट रु १०,००,०००।– (अक्षेरुपी दश लाख मात्र) गरि निर्माण कम्पनीलाई रु १,५०,००,०००।– (अक्षेरुपी एक करोड पचास लाख मात्र) पेश्की उपलब्ध गराईएको र आ.ब २०८०/०८१ मा प्राप्त बजेट रु ८०,००,००० (अक्षेरुपी असीलाख मात्र) र गाउँपालिकाको तर्फवाट रु.४०,००,०००। (चालिस लाख मात्र) गरी जम्मा रु.१,२०,००,०००।(एक करोड वीसलाख मात्र) भौतिक प्रगतीको आधारमा रनिङ बिल दिई खर्च गरिएको तर आ.ब. २०८१/०८२ मा बजेट प्राप्त नभएको हुदा यस गाउँपालिकाले गाउपालिकाको वजेट मार्फत निर्माण कम्पनीलाई रु.१,४०, ००,००० (अक्षेरुपि एक करोड चालिस लाख मात्र) भुक्तानी दिई हालसम्म पेश्की समेत गरेर रु. ४,१०,००,०००।– (अक्षेरुपी चार करोड दश लाख मात्र) खर्च भएको छ। निर्माण कार्यको गतिलाई हेर्दा समयमा रनिङ बिल भुक्तानी गर्न सक्दा आ.ब. २०८२/८३ को अन्त्य सम्म यस कार्यालयलाई निर्माण कम्पनिले हस्तानान्तरण गर्ने पर्याप्त आधारहरु भएको तर भौतिक प्रगतीको आधारमा पर्याप्त बजेट निर्माण कम्पनीलाई उपलब्ध गराउन नसके निर्माण कार्य नै ठप्प हुने अवस्थामा पुग्ने हुनाले सम्झौता वमोजिम वाँकी रकम रु.४,८४,४७,७६०। (अक्षेरुपी चार करोड चौरासिलाख सठ्चालिसहजार सातसय साठी) वजेट प्राप्त भएमा कार्य सम्पन्न हुने भएकोले सो रकमको ५० प्रतिशत रु. २,४२,२३,८८०।(दुइ करोड वयालिसलाख तेइसहजार आठसय असी ) रकम आर्थिक वर्ष २०८२/८३ को लागि समपुरक अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोगमा माग गर्ने ।

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल भई आर्थिक वर्ष २०८२/८३ को लागि समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत सञ्चालन हुने तपशिल वमोजिमको योजनाहरु कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा माग गर्ने ।

- समपुरक अनुदान : हात्ति पाइले खानेपानी योजना (एक घर एक धारा कार्यक्रम) रु.१ करोड
- विशेष अनुदान : कोल्ड स्टोर भवन निर्माण (आमचोक -३) रु.१ करोड पचासलाख

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिति २०८१/०३/०९ मा ठेक्का नं:ARM/NCB/WORKS/03/2080-081 "CONSTRUCTION OF WARD OFFICE BUILDING " कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र भिषणहाङ्ग कन्स्ट्रक्सन प्रा.ली. टेम्केमैयुङ्गको बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट दोस्रो रनिङ बिल भुक्तानी माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन वमोजिम तपशिल वमोजिमको रकम भुक्तानी दिने ।

- सम्झौता रकमः रु. ७३,२९,५८३।४९ ( मु.अ. क. सहित)
- दोंस्रो रनिङ बिल बाट आएको रकमः रु.१८,५१,१४८।२०
- मु.अ.क (१३ %) : रु.२,४०,६४९।२७
- जम्मा रकम मु.अ. क. सहितः रु २०,९१,७९७।४७
- कन्टिनजेनसि (३%) : रु.६२,७५३।९२
- जम्मा खर्च रकमः रु. २१,५४,५५१।३९
- धरौटि कट्टि रकम(५%) : रु. ९२,५५७।४१
- अग्रिम आय कर (१.५%) :रु २७,७७६।२२
- अन्य कर : रु ७२,१९४।७८
- भुक्तानि हुने रकम : रु. १८,९९,२७८।०६

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को दौश्रो चौमासिकको प्रगति समिक्षा मिति २०८१ चैत्र ११ गते विहान सञ्चालन गर्ने ।

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई आमचोक गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को दौश्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ चैत्र ११ गते दिउँसो सञ्चालन गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिकाको १७ औं हिउँदे गाउँसभा मिति २०८१ फाल्गुन २६ गते सञ्चालन गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ वमोजिम उद्यम विकास सहजकर्ता (E.D.F.) छनौट समितिको सिफारिसको आधारमा डुङ्गेश्वर गा.पा.-२, दैलेख निवासी श्री सविता विष्टलाई २०८२ असार मसान्त सम्मको लागि उद्यम विकास सहजकर्ता (E.D.F.) सहायक स्तर चौथो तहमा सेवा करारमा कार्यालयवाट मिति २०८१/११/८ गते गरिएको नियुक्तीलाई अनुमोदन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/11/11

अशोक राई अध्यक्ष 2081/11/11

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई यस गाउँपालिकाको बिभिन्न स्थान हरुको वातावरणीय बिस्तृत प्रतिवेदन (IEE) तयारीका लागि श्री पूर्वान्चल ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, ईलामले मिति २०८१ चैत मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी मिती २०८१/१०/२७ गते कायदिश दिईएको र सम्झौता बमोजिम उक्त फर्मले कार्यविवरण(TOR) पेश गरेको हुदा उक्त कार्यविवरण स्वीकृत गरी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सरोकारवाला सवैको जानकारीको लागि १५ दिने सार्वजनिक सूचना जारी गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई आमचोक गाउँपालिकाको कार्यायलयले मिती २०८१/०८/१० गते "Procurement of Crawler Mounted Hydraulic Excavator" कार्यको लागि बोलपत्र आव्हान गरेको र २०८१/०९/११ गते आमचोक गाउँपालिकाको खरीद समितीले बीड खुल्ला गर्दा रित पूर्बक पेश भएका ५ वटा बोलपत्रहरुलाई गाउँपालिकाको कार्यालयको मुल्याङ्कन समितीद्वारा मुल्याङ्कन कार्य भइरहेकोले मुल्याङ्कन समितिद्वारा मुल्याङ्कन गरी पेश भए वमोजिम आगामी वैठकमा निर्णय गर्ने

**निर्णय नं.१०**

प्रस्ताव नं. १० माथि छलफल भई डाइमण्ड डान्स क्रु,भोजपुरले भोजपुर गड ट्यालेन्टको लागि वजेट माग गरेकोले अन्य सहायता शिर्षकवाट रु.२००००।(वीसहजार मात्र) आर्थिक सहायता गर्ने ।

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत अक्षर लेखन कला सिकाइ कार्यक्रम सञ्चालन गर्नको लागि रु.१०००००।(एकलाख) वजेट विनियोजन भएकोमा नपुग हुने भएकोले नेपाल सरकार राजश्व अनुदानको .सेवा तथा परामर्श शिर्षकवाट खर्च हुने गरि कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई शिक्षा ज्योती आधारभूत विद्यालय आमचोक ७ हर्दिलामा (१-४) कक्षा सञ्चालन भइरहेकोमा शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ को नियम १३ अनुसार २०८२ देखि (१-५) कक्षा सञ्चालन गर्न अनुमती दिने ।

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई जिल्ला भोजपुर आमचोक गाउँपालिका वडा नं. ३ थिदिंखा वडा कार्यालयको भवन निर्माण प्रयोजनका लागि जग्गा आवश्यक भएको र त्यसका लागि जिल्ला भोजपुर आमचोक गाउँपालिका वडा नं. ३ थिदिंखा बस्ने श्री चन्द्रमान राईको नाति श्री ललितमान राईको छोरा श्री गणेश बहादुर राईको नाममा दर्ता श्रेस्ता कायम रहेको साविक चण्डिबजार ८ हाल आमचोक गाउँपालिका-३ को साविक कि.नं. ३६१ हाल किता नं. ७२९ क्षेत्रफल ८-४-१-१ रोपनि मध्येबाट ३-०-०-० पूर्व दक्षिण तर्फबाट किताकाट गरि ३ नं. वडा कार्यालयको वडा कार्यालय भवन निर्माणका लागि ३ रोपनी जग्गा निशुल्क उपलव्ध गराएकोले सो जग्गा प्राप्त गर्नको लागि वडा समितिले पनि उपयुक्त भएको ठहर गरे वमोजिम सो जग्गा प्राप्त गर्नको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलव्ध गराउने सम्वन्धी कार्यनीति २०७९ को दफा ५ वमोजिम वमोजिम जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारवाहि चलाउने अधिकारी यस गाउँपालिकाको वडा नं-३ का वडा सचिव श्री सन्तोष कुमार गिरीलाई तोक्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८१/११/११

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

२०८१/११/११
अशोक राई
अध्यक्ष